apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



एपीजीको टोली काठमाडौं ओर्लियो, ग्रे लिस्टबाट उम्किने तनावमा बालेन सरकार
समाचार पृष्ठ २

● वर्ष: १२ ● अंक: १२१ ● पृष्ठ: ४ ● ०५ जेठ २०८३ मंगलबार (19 May 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# जबर्जस्ती उठिबासविरुद्ध लहानमा भूमिहीन सुकुमवासीहरूको खबरदारी ऱ्याली




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०४ गते**

सर्वोच्च अदालतले सुकुमवासीहरूको व्यवस्थापन नगरी बस्ती खाली नगर्न अन्तरिम आदेश दिएको भए पनि जिल्लाका विभिन्न स्थानमा अतिक्रमण हटाउने नाममा विनाविकल्प जबर्जस्ती सुकुमवासी बस्तीहरूमा डोजर चलाउन थालिएको भन्दै सिरहाका भूमिहीन सुकुमवासीहरूले लहानमा खबरदारी ऱ्याली गरेका छन्।

लहानस्थित पशुपति आदर्श माविको प्रांगणबाट सुरु भएको ऱ्यालीमा सहभागीहरूले 'जमिन सरकारको, जनता कसको ?', 'जबर्जस्ती उठिबास बन्द गर', 'भूमिहीन सुकुमवासीको व्यवस्थापन गर', 'गरिब जनतामाथिको अत्याचार बन्द गर', 'बसोबास अधिकारको सुनिश्चित गर' र 'कमजोर वर्गलाई न्याय देऊ'लगायतका नारासहित प्रदर्शन गरेका थिए।

भूमिअधिकार मञ्च सिराहा र मुसहर युवा सञ्जालको अगुवाइमा निकालिएको ऱ्याली घण्टाघर, पुरानो बजार हुँदै दुई नम्बर रोड परिक्रमा गरी पुनः पशुपति आदर्श माविमै पुगेर कोणसभामा परिणत भएको थियो। कार्यक्रममा सहभागीहरूले अतिक्रमण हटाउने नाममा भूमिहीन सुकुमवासीहरूलाई विस्थापित गरिएको आरोप लगाए।

उनीहरूले मुलुकको सर्वोच्च अदालतले विनाविकल्प सुकुमवासी नहटाउन आदेश दिएको अवस्थामा पनि स्थानीय सरकारले अदालतको आदेश उल्लंघन गर्दै बस्तीमा डोजर चलाएर बर्खायामको मुखमा गरिब, भूमिहीन र सुकुमवासीहरूको बिचल्ली बनाएको गुनासो गरे। संविधानले व्यवस्था गरेको आवाससम्बन्धी मौलिक हकको राज्यबाटै गम्भीर उल्लंघन भइरहेको भन्दै तत्काल यस्तो कार्य रोक्न माग गरिएको थियो।

संघीय सरकारको १२ चैत २०८२ को मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ९२ अन्तर्गत सार्वजनिक जग्गाको संरक्षण तथा नियन्त्रण गर्ने, अतिक्रमण रोक्ने र अवैध कब्जा हटाउने निर्णय भएको थियो। सोही निर्णयको नाममा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमवासीहरूलाई थातथलोबाट जबर्जस्ती विस्थापित गरिएको र गर्न खोजिएको भन्दै उनीहरूले आपत्ति जनाएका छन्।

यसैबिच, सरकारको उक्त कदमविरुद्ध सर्वोच्च अदालतले २५ वैशाखमा अन्तरिम आदेश जारी गर्दै विस्थापितहरूको हकमा आवास, शिक्षा, स्वास्थ्य र खाद्यान्नको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको थियो।

बाँकी पृष्ठ ३

# सिरहामा खैरो हेरोइनसहित दुई युवक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०४ गते**

सिरहामा लागुऔषध कारोबार नियन्त्रणका लागि प्रहरीले चलाएको निगरानी अभियानअन्तर्गत खैरो हेरोइनसहित दुई युवक पक्राउ परेका छन्। प्रहरीले सिरहा नगरपालिका-१४ क्षेत्रमा चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका-३ निवासी सरोज विक र राजु लामा रहेका छन्। उनीहरू माडरबाट सिरहतर्फ जाँदै गरेको अवस्थामा प्रहरीले शंकाको आधारमा जाँच गर्दा लागुऔषधसहित पक्राउ परेका हुन्।



जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेश बहादुर पालका अनुसार प्रहरी चौकी खिरौनाबाट खटिएको टोलीले ज.४ प. १३८८ नम्बरको मोटरसाइकल रोकेर जाँच गरेको थियो। सो क्रममा मोटरसाइकल चालक सरोज विकको साथबाट प्लास्टिकसहित ४३७ मिलिग्राम तथा प्लास्टिकबाहेक २०० मिलिग्राम खैरो हेरोइन फेला परेको प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ २

# मधेश प्रदेशमा पहिलो पटक एकसाथ १९ वटा खेलको प्रदेश स्तरीय प्रतियोगिता सुरु




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०४ गते**

मधेश प्रदेशमा पहिलो पटक एकसाथ १९ वटा खेलको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सुरु भएको छ। मेधश प्रदेश सरकार अन्तर्गतको मधेश खेलकुद परिषद्, जनकपुरद्वारा आयोजित उक्त प्रतियोगिताको खेलहरु सोमबार बाट मधेश प्रदेशका प्रत्येक जिल्लामा सुरु भएको छ।

प्रतियोगितको उद्घाटन गर्दै मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानुले प्रदेशभर खेलकुदको विकास, खेलाडीहरुको क्षमता अभिवृद्धि तथा राष्ट्रिय स्तरका प्रतियोगिताका लागि खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ यस प्रतियोगिताको आयोजना गरेको जानकारी दिए।

बाँकी पृष्ठ ४




# १० वर्ष पहिले खुला दिसामुक्त घोषणा, ४२ सय घरधुरीमा अझै छैन शौचालय

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०४ गते**

लहान नगरपालिका २०७४ सालमै खुला दिसामुक्त क्षेत्र घोषणा भएको थियो। त्यतिबेला पालिकाहरू विस्तार भइरहेको थियो। यस नगरपालिकामा गाभिएका गाविसहरू पनि घोषणा भयो। तर, घोषणा भएको १० वर्ष पुग्न लाग्दा पनि अझै ४२०१ घरधुरीमा शौचालय नरहेको देखिएको छ।




६ महिना पहिले नगरपालिकाले स्वच्छता अभियानअन्तर्गत सर्वे गरेको थियो । त्यसमा नगरको २० हजार ५७७ घरधुरीमध्ये ४ हजार २०१ मा शौचालय नरहेको पाइएको छ। सबैभन्दा बढी दलित, मुसहर परिवारसँग आफ्नै शौचालय नभएको पाइएको छ। केही सम्पन्न घरपरिवारमा शौचालय छैन । यिनै परिवारलाई समेटेर लहान नगरपालिकालाई खुला दिसामुक्त र पूर्ण सरसफाइयुक्त बनाउन विशेष रणनीतिसहित अभियान सुरु गरिएको छ।

मेयर महेश चौधरीका अनुसार दलित जनकल्याण युवा क्लबसँग सहकार्य गर्दै मुसहर बस्तीहरूमा

बाँकी पृष्ठ ४

# एकीकरणपछिको जसपा नेपालमा विवाद, मधेशमा दलको नेता बुधबार छानिने

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०४ गते**

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीचको एकीकरण पछि मधेशमा दलको नेताका विषयमा विवाद उत्पन्न भएको छ। जसपा नेपाल र लोसपा नेपालका संसदीय दलका दुवै



नेताहरूले आफू दलको नेता भएको

बाँकी पृष्ठ ३






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## रिकन्साइलको नाममा उपभोक्तामाथि अन्याय बन्द गर

नेपाल विद्युत प्राधिकरण सिरहा वितरण केन्द्र जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको सार्वजनिक संस्था हो। यसको मुख्य दायित्व उपभोक्तालाई भरपर्दो विद्युतीय सेवा दिनु हो । त्यससँगै पारदर्शी र विश्वसनीय प्रणालीमार्फत नागरिकको विश्वास कायम गर्नु पर्छ । तर नेपाल विद्युत प्राधिकरण सिरहा वितरण केन्द्रमा पछिल्लो समय ...रिकन्साइल डाटा' को नाममा पुरानो बक्यौता देखाएर अतिरिक्त रकम असुल्ने प्रयास भईरहेको छ । यसले विद्युत प्राधिकरण गम्भीर प्रश्न उठेको छ। उपभोक्ताले विद्युत महसुल बुझाएपनि किन फेरी बिलमा अतिरिक्त रकम थप भएको हो। त्यसमा पनि ५/६ वर्ष अघिको रकम अहिले थप्नुको मुख्य कारण के हो ?

नियमित रूपमा मासिक विद्युत महसुल बुझाउँदै आएका सेवाग्राहीहरुले अचानक पुरानो बक्यौता थपिएको बिल पाउनुले गम्भीर रुपमा प्रशासनिक त्रुटिलाई उजागर गरेको छ। यो एक प्रकारले सिरहाका उपभोक्तामाथि प्राधिकरणले अन्याय नै गरेको हो । अझ प्राधिकरणका कर्मचारीले २०७६ चैतदेखि २०७७ साउनसम्मको बिल पूर्ण रूपमा नतिरेको भन्दै जवाफ दिनु झन् गम्भीर विषय हो। यदि उक्त अवधिमा उपभोक्ताले नियमित महसुल तिरेका थिए भने अहिले आएर पुरानो बक्यौता देखिनु प्राधिकरणको प्रणालीगत कमजोरी, लापरबाही वा नियतप्रेरित बदमासीमध्ये कुनै एकको संकेत हो । साथसाथै त्यस अवधिमा विद्युत महसुल नतिरेको भए कसरी विद्युतको उपभोग गर्न पाउथ्यो भन्ने प्रश्न खडा भएको छ । अघिल्लो महिनासम्म कुनै बक्यौता नदेखिएको अवस्थामा अचानक पुरानो रकम कसरी देखियो ? यदि प्रदेश कार्यालयबाट आएको ...रिकन्साइल डाटा' का आधारमा रकम थपिएको हो भने त्यसको आधार, प्रक्रिया र प्रमाण सार्वजनिक गरिनुपर्छ। अन्यथा यो प्रक्रिया उपभोक्तामाथि जबर्जस्ती आर्थिक भार थोपर्ने माध्यमका रूपमा बुझिनेछ । सार्वजनिक संस्थाले सिस्टमले देखायो भनेर मात्र जिम्मेवारीबाट उम्किन मिल्दैन । सिस्टम चलाउने पनि मानिस नै हुन्, र त्यसको त्रुटिको जिम्मेवारी पनि संस्थाले नै लिनुपर्छ।

विद्युत प्राधिकरण सिरहा वितरण केन्द्र आफ्ना आन्तरिक कमजोरीलाई उपभोक्तामाथि थोपर्न खोज्नु दुर्भाग्यपूर्ण हो। उपभोक्ताले वर्षौंदेखि रसिद सुरक्षित राख्नुपर्ने, आफू निर्दोष भएको प्रमाणित गर्नुपर्ने अवस्था सिर्जना हुनु हुँदैन्। यस्तो प्रवृत्तिले नागरिकमा सार्वजनिक संस्थाप्रतिको अविश्वास मात्र बढाउँछ। यस विषयमा निष्पक्ष छानबिन अत्यावश्यक छ। कुन आधारमा पुरानो बक्यौता थपियो ? कति उपभोक्ता प्रभावित भए ? कसको लापरबाहीले यस्तो अवस्था आयो ? यी सबै प्रश्नको स्पष्ट जवाफ जनताले पाउनुपर्छ। यदि कर्मचारी वा सम्बन्धित निकायको कमजोरीका कारण उपभोक्तामाथि अन्याय भएको हो भने दोषीमाथि कारबाही हुनैपर्छ। गलत प्रणालीलाई संरक्षण गर्ने र उपभोक्तालाई दुःख दिने प्रवृत्तिमाथि राज्यले लगाम लगाउनु पर्छ। जसले गर्दा आम उपभोक्तालाई यस्ता समस्या पुनः नदोहोरियोस् भन्ने मार्ग निर्देशन गर्न सक्छ। सार्वजनिक संस्थाको शक्ति नागरिकलाई दुःख दिने होइन, सेवा दिने हो। विद्युत प्राधिकरणले उपभोक्तालाई ठग्ने शैलीमा होइन, विश्वास जित्ने शैलीमा काम गर्न सिक्नुपर्छ। यसैले उपभोक्ता ठगिनु हुँदैन्, घटनाको छानबिन तत्काल सुरु गर्नुपर्छ।

## सिरहामा खैरो हेरोइनसहित दुई युवक ............


त्यसैगरी पछाडि सवार राजु लामाको साथबाट प्लास्टिकसहित ६ ग्राम २१० मिलिग्राम तथा प्लास्टिकबाहेक ५ ग्राम १०० मिलिग्राम लागुऔषध बरामद भएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ । घटनामा प्रयोग गरिएको मोटरसाइकल समेत प्रहरीले नियन्त्रणमा राखेको छ।

प्रहरीका अनुसार पछिल्लो समय सिरहाका सीमावर्ती तथा राजमार्ग आसपासका क्षेत्रमा लागुऔषध ओसारपसारका घटना बढ्दै गएपछि विशेष निगरानी र चेकजाँच अभियानलाई तीव्र बनाइएको छ।

सुरक्षा निकायले युवापुस्तालाई लक्षित गर्दै फैलिँदै गएको लागुऔषध कारोबार सामाजिक चुनौतीका रूपमा देखिन थालेको भन्दै यसको नियन्त्रणका लागि समुदाय, अभिभावक र स्थानीय तहको समेत सक्रिय भूमिका आवश्यक रहेको जनाएको छ।

# एपीजीको टोली काठमाडौं ओर्लियो, ग्रे लिस्टबाट उम्किने तनावमा बालेन सरकार




फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को खैरो सूचीबाट बाहिर निस्कन नेपाललाई निकै चुनौतीपूर्ण बनिरहेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलको गतिविधिको निगरानी गर्ने संस्था एफएटीएफले नेपाललाई जोखिमयुक्त क्षेत्रको सुधार गर्न दिएको दुई वर्षको समय सकिँनै लाग्दै तनाव बढेको हो।

एफएटीएफका लागि एसियाली मुलुक हेर्ने एसिया प्यासिफिक ग्रुप (एपीजी) को टोली नेपाल आएसँगै सरकारमाथि थप दबाब बढेको छ। एपीजीका तर्फबाट दुई जना प्रतिनिधि यतिबेला काठमाडौं ओर्लिएका छन्।

नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलसहित शंकास्पद कारोबारको निगरानी गर्ने केन्द्रीय बैंक अन्तर्गतको फाइनान्सियल इन्टेलिजेन्स युनिट (एफआइयू-नेपाल)का प्रतिनिधि, विशिष्ट कर्मचारीलगायतसँग यतिबेला एपीजीको टोलीले छलफल गरिरहेको छ।

'अहिले हामी एपीजीको टोलीसँग छलफलमै छौँ,' एफआईयूका निर्देशक वासुदेव भट्टराईले भने । एफएटीएफले ९ फागुन २०८१ मा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापको जोखिमयुक्त क्षेत्र घोषणा गर्दै नेपाललाई दोस्रोपटक ग्रे लिस्टमा सूचित गरेको छ। एपीजीको रिपोर्टका आधारमा नेपाललाई जोखिमयुक्त खैरो सूचीमा राखेको एफएटीएफले आर्थिक क्षेत्र खासगरी बैंक तथा वित्तीय संस्था र सहकारीमा सम्पत्ति शुद्धीकरणको उच्च जोखिम रहेको औँल्याएको छ।

मुलुकभित्र सञ्चालित क्यासिनो, बहुमूल्य धातुका व्यापारको क्षेत्र, घरजग्गाको कारोबारमा सम्पत्ति शुद्धीकरणको उच्च जोखिम रहेको एफएटीएफको आरोप छ । ग्रे लिस्टबाट उम्किन सुधारात्मक क्षेत्रहरूको लिस्ट दिँदै नेपाललाई एफएटीएफले दुई वर्षको आखिरी मौका दिएको थियो।

चुनौतीको १५ महिना सकिँदै गर्दा बाँकी ९ महिनामा जसरी पनि एफएटीएफको ग्रे लिस्टबाट बाहिर निस्कनै पर्ने दबाब यतिबेला नेपालसामु छ। थप, यति नै बेला एपीजीको टोली नेपाल आएसँगै सरकारमाथि तीव्र दबाब परेको छ।

**एपीजीको टोली दबाब दिन आएको होइन : भट्टराई**

तथापि, एपीजीको टोली यतिबेला नेपाललाई दबाव दिन नभई सहयोग गर्न आएको निर्देशक वासुदेव भट्टराईको भनाइ छ। उनले भने, 'एपीजीको अहिलेको भिजिट सपोर्टिभ भिजिट हो। कुनै दबाव दिन होइन।'

एफएटीएफले ग्रे लिस्टबाट बाहिर निस्कन नेपाललाई दिएको दुई वर्षको समय सकिनै लाग्दा एपीजीको नेपाल भिजिटलाई दबाब दिन आएको रूपमा बुझ्न सकिए पनि सो टोली नेपाललाई सहयोग गर्नकै लागि आएको उनले बताए।

'नेपालको तर्फबाट सुधारात्मक प्रयास के-के भए, तथ्यांकहरूको अवस्था के छ? कसरी शीघ्र सुधारमा जान सकिन्छ ? सोसम्बन्धमा नेपाललाई गाइड गर्न एपीजीको प्रतिनिधि नेपाल आएका हुन्,' भट्टराईले भने।

सूचनाअनुसार एपीजीको टोलीले नेपाल राष्ट्र बैंकका प्रतिनिधि, गभर्नर सँगै अर्थमन्त्री र प्रधानमन्त्रीसमेतलाई भेट्ने कार्यतालिका छ।

**ब्ल्याक लिस्टको जोखिम र नेपालको संकट**

एफएटीएफको ग्रे लिस्टमा नेपाल पहिलोपटक परेको भने होइन । यसअघि सन् २००८-२०१४ सम्म नेपाल ग्रे लिस्टमा परिसकेको छ। कमजोर व्यवस्थापन, संक्रमणकालीन अवस्थामा नेपालमा व्यापक सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलाप मौलाएको भन्दै एफएटीएफले नेपाललाई ग्रे लिस्टमा राखेको थियो।

तथापि, सन् २०१४ मा नेपालले आवश्यक कानुनी तथा संस्थागत सुधार गरेको भन्दै एफएटीएफको ग्रे लिस्टबाट बाहिरिएको थियो । तर, मनी लाउन्डरिङ (सम्पत्ति शुद्धीकरण) नियन्त्रण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोकथाम तथा कार्यान्वयनमा कमजोर प्रदर्शन गरेको भन्दै एफएटीएफले नेपाललाई पुनः दोस्रोपटक (सन् २०२५) मा ग्रे लिस्टमा राखेको छ।

एफएटीएफले दुई वर्षको समय दिँदै औँल्याएका १६ वटा सुधारका क्षेत्रहरूमा काम गर्न नसके नेपाल ब्ल्याक लिस्ट अर्थात् कालो सूचीमै पर्ने खतरा छ। तर, नेपालसँग अब करिब ९ महिनाको मात्र समय छ।

व्यापक सुशासन र वित्तीय अनुशासनको नारा दिएर आएको वालेन्द्र शाह (बालेन) नेतृत्वको रास्वपा सरकारलाई यो चुनौतीबाट पार लाग्न निकै हम्मेहम्मे परिरहेको छ। उसो त सरकार गठनलगत्तै विभिन्न १५ वटा ऐन खारेज गर्ने र अरु आवश्यक ऐन संशोधन परिमार्जनको कार्यलाई तीव्रता दिएको सरकारमाथि एफएटीएफकै दबाब रहेको बुझिएको छ।

खासगरी बैंक तथा वित्तीय क्षेत्र र सहकारीमा सम्पत्ति शुद्धीकरणको उच्च जोखिम औँल्याइएकोमा सरकारले फास्ट ट्र्याकमा अध्यादेशमार्फत ऐन संशोधनको बाटो लिएको छ। साथै, सार्वजनिक खरिद ऐनसँगै अरु दर्जन हाराहारी नेपाल ऐनहरूसमेत अध्यादेशमार्फत सरकारले संशोधन गरेको छ।

यति मात्र होइन, सरकारले एफएटीएफकै निर्देशनमा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा पछिल्लोपटक ठूला भनिएका उद्योगी व्यवसायी, उच्चपदस्थ कर्मचारी र राजनीतिक पहुँचवाला व्यक्तित्वहरूलाई समेत पक्राउ र अनुसन्धान गरिरहेको छ। जुन, पहल नेपालसहित अरु एसियाली मुलुक हेर्ने एपीजीको नजरमा परे ब्ल्याक लिस्टबाट जोगिन सक्ने सम्भावना छ।

**ब्ल्याक लिस्टमा परे के हुन्छ ?**

एफएटीएफको कालो सूची (ब्ल्याक लिस्ट) मा पर्नु भनेको उक्त देशमा व्यापक भ्रष्टाचार, अनियमितता, आतंकवादी क्रियाकलापमा वित्तीय प्रयोग उच्च छ भन्ने हुन्छ। यसो भए, हुँदा उक्त देशप्रति विश्व समुदायले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा ठूलो फरक पर्छ।

अन्तर्राष्ट्रिय मञ्चमा मुलुकको छवि नराम्रोसँग बिग्रनेछ। सबै खाले अन्तर्राष्ट्रिय साथ सहयोग र आर्थिक लाभबाट वञ्चित हुने खरात रहन्छ। देशमा विदेशी लगानी बन्द हुन सक्छ भने भएका लगानीसमेत पलायन हुन सक्ने खतरा रहन्छ।

आर्थिक सुशासन, पारदर्शिता, सार्वजनिक सेवामा प्रभावकारिता र भ्रष्टाचार नियन्त्रण आफ्नो पहिलो सर्त बनाएर सत्तामा आएको बालेन नेतृत्वको रास्वपा सरकारलाई यी सबै चुनौतीबाट देशलाई मुक्त गर्न कम्तीको चुनौती भने छैन।

पछिल्लोपटक एफएटीएफको उच्च जोखिमयुक्त कालो सूचीमा तीनवटा देश उत्तर कोरिया, इरान र म्यानमार रहेका छन्। यी देशहरू सन् २०२५ फेब्रुअरी १३ मा कालो सूचीमा परेका हुन् । यसैगरी, खैरो सूची (ग्रे लिस्ट) मा परेका नेपालसहित विश्वका विभिन्न २२ वटा देशमा अहिले सुधारात्मक प्रयासहरू भइरहेको एफएटीएफले जनाएको छ।

## आजको राशिफल

**मेष** : पारिवारिक वातावरणमा सौहार्दता र आपसी समझदारी सुदृढ रहनेछ।

**बृष** : आत्मबल, आत्मविश्वास र दृढ इच्छाशक्ति उच्च रहने समय हो।

**मिथुन** : स्वास्थ्यमा सामान्य उतारचढाव देखिन सक्ने भएकाले सचेत रहनु आवश्यक छ।

**कर्कट** : अड्किएको धन फिर्ता आउने वा रोकिएका आर्थिक स्रोतहरू पुनः सक्रिय हुने संकेत छन्।

**सिंह** : नयाँ अवसरहरू देखा पर्नेछन्, जसले करियर उन्नतिमा टेवा पुऱ्याउनेछ।

**कन्या** : सामाजिक तथा धार्मिक कार्यहरूमा सक्रियता बढ्नेछ र त्यसबाट अपेक्षित सफलता मिल्नेछ।

**तुला** : खर्च वृद्धि तथा विवादको सम्भावना भएकाले संयमता र विवेक अपनाउनु आवश्यक हुनेछ।

**वृश्चिक** : व्यक्तिगत तथा व्यावसायिक सम्बन्धहरूमा सुधार आउनेछ। साझेदारीमा गरिएका कार्यहरू लाभदायी बन्नेछन्।

**धनु** : सानो प्रयासबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने अनुकूल समय हो।

**मकर** : साथीभाइ र परिवारजनको सहयोगले कार्यहरू सहज रूपमा अघि बढ्नेछन्।

**कुम्भ** : अनावश्यक यात्रा तथा जोखिमपूर्ण कार्यबाट जोगिनु हितकर हुनेछ।

**मीन** : मान-सम्मान तथा सामाजिक प्रतिष्ठामा उल्लेखनीय वृद्धि हुने समय छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

**असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**

- सन्तुलित र स्वस्थ खाना खाऔं।
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं।
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं।
- प्रशस्त मात्रामा पानी पिउने गरौं।
- तनाव व्यवस्थापन गरौं।

**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, नरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# चुरे विनाश र बजेट कार्यान्वयनको फितलो अवस्थाप्रति महन्थ ठाकुरको चिन्ता



✎अपन दैनिक संवाददाता
काठमाडौं, जेठ ०४ गते

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेसमा भइरहेको चुरे दोहन र बजेट कार्यान्वयनको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएका छन्।

राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा सोमबार आफ्नो धारणा राख्दै अध्यक्ष ठाकुरले विकासका कुरा भएपनि व्यवहारमा भने प्रतिकूल अवस्था सिर्जना भइरहेको टिप्पणी गरे।

अध्यक्ष ठाकुरले चुरे र भावर क्षेत्रको अनियन्त्रित दोहनका कारण मधेशमा ठूलो संकट उत्पन्न भएको बताए। प्राकृतिक स्रोतको अत्यधिक दोहनले वर्षायाममा उत्तरतर्फ कटान र दक्षिणतर्फ डुबानको भयावह समस्या निम्त्याएको उनको भनाइ थियो।

महिनौँसम्म बस्तीहरू डुबानमा पर्दा पनि राज्यका निकायहरूबाट उचित ध्यान नपुगेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे। सो क्रममा उनले वातावरणीय चेतनाको अभाव र भौतिक विनाशका कारण विगतमा स्थापित विद्यालयहरू समेत बन्द हुने अवस्थामा पुगेको बताए। बजेट विनियोजन र त्यसको खर्च हुने प्रक्रिया पारदर्शी नभएको भन्दै अध्यक्ष ठाकुरले आलोचना गरे।

उनले भने, "हामी चुरे विनाशको कुरा गरिरहेका छौं, तर त्यहाँबाट ढुङ्गा, माटो र बालुवा निकाल्ने क्रम रोकिएको छैन। भावर क्षेत्रको स्थिति पनि उस्तै छ। बजेट जान्छ तर त्यसको प्रतिफल देखिँदैन। आधा बजेट कता हराउँछ, पत्तो हुँदैन। जसरी हामी पृथ्वी घुमिरहेको देख्दैनौं, त्यसैगरी बजेट पनि शुन्यमा हराइरहेको छ।"

विगतका वर्षहरूमा बजेट विनियोजन भएपनि त्यसले लक्षित वर्ग र क्षेत्रलाई छुन नसकेको उल्लेख गर्दै उन्ले यसपटकको बजेट बालुवामा पानी हाले जस्तै शुन्यमा नजाओस् भन्ने कामना गरे।

विकास निर्माणका योजनाहरू कागजमा मात्र सीमित नभई जनताले महशुस गर्नेगरी कार्यान्वयन हुनुपर्नेमा उनले जोड दिए। समितिको बैठकमा अध्यक्ष ठाकुरले सरकारलाई मधेशको संवेदनशीलता बुझ्न र विकासका योजनाहरूलाई परिणाममुखी बनाउन ध्यानाकर्षण गराए।

# नागरिकको अपेक्षाअनुसार काम गर्न सरुवा भएका एसपी-डीएसपीलाई आईजीपीको निर्देशन



✎अपन दैनिक संवाददाता
काठमाडौं, जेठ ०४ गते

नागरिकको अपेक्षाअनुसार काम गर्न सरुवा भएका एसपी-डीएसपीलाई आईजीपी दानबहादुर कार्कीले निर्देशन दिएका छन्।

परम्परागत पुलिसिङभन्दा पनि नवीनतम सोच र कार्यशैली अपनाई नागरिकमैत्री, नागरिकप्रति उत्तरदायी एवं प्रभावकारी र छिटोछरितो सेवा प्रवाह गर्नुपर्ने उल्लेख गर्दै नागरिकको अपेक्षालाई केन्द्रबिन्दुमा राखेर सबै प्रहरी कर्मचारीहरूले उत्कृष्ट कार्यसम्पादन गर्न निर्देशन दिए।

हालै सरुवा भई आ-आफ्नो कार्यक्षेत्रमा जान लागेका एसपी-डीएसपीलाई सोमबार नेपाल प्रहरी प्रधान कार्यालयमा निर्देशन सम्बोधनको क्रममा उपलब्धिपूर्ण एवं उत्कृष्ट कार्य सफलताको शुभकामना दिँदै प्रहरी महानिरीक्षक कार्कीले उक्त निर्देशन दिएका हुन्।

सबै प्रहरी कर्मचारीहरूले उच्च व्यावसायिकता प्रदर्शन गर्दै थप अनुशासित, निष्ठावान एवं इमानदार हुनुपर्ने उल्लेख गर्दै उत्कृष्ट व्यवहार, बोलीबचनलाई आत्मसात् गरी संगठनको छवि वृद्धि हुने गरी आफूलाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढंगले वहन गर्न कार्कीले निर्देशन दिए।

संगठनले अख्तियार गरेका नीतिनियम तथा मापदण्ड अनुरूप कार्य गर्दै व्यक्तिगत स्वार्थ भन्दा पनि भातृत्वभाव एवं सांगठनिक हितलाई केन्द्रबिन्दुमा राखेर कसैप्रति पूर्वाग्रह नराखी विभेदरहित एवं कानुन सम्मत कार्य गर्न सरुवा भई कार्यक्षेत्रमा जान लाग्नु भएका प्रहरी अधिकृतहरूलाई उनको निर्देशन थियो।

आफ्नो क्षेत्रका सम्भावित सुरक्षा चुनौतीहरूको पहिचान तथा विश्लेषण गरी आवश्यकता अनुरूप सुरक्षा योजना एवं रणनीति अवलम्बन गर्दै योजनाबद्ध तवरले प्रभावकारी प्रहरी परिचालन गर्नुपर्ने उनले बताए।

# मेडिकल व्यवसायी दुर्गा प्रसाई प्रहरी नियन्त्रणमा



✎अपन दैनिक संवाददाता
वीरगञ्ज, जेठ ०४ गते

मेडिकल व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेका छन्।

उनी वीरगञ्जबाट पक्राउ परेका हुन्। प्रहरी स्रोतका अनुसार, उनलाई वीरगञ्जको दियोलो होटलबाट पक्राउ गरिएको हो।

उनलाई 'माथिको आदेश' भन्दै प्रहरीले पक्राउ गरेको हो। प्रहरी स्रोतले उनी पक्राउ परेको पुष्टि गरे पनि कुन कसुरमा पक्राउ गरिएको भन्नेबारे थाहा नभएको बताएको छ।

राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउन महाअभियान नेपालका संयोजक समेत रहेका प्रसाईं सोमबार सिमरा विमानस्थल हुँदै वीरगञ्ज पुगेका थिए।

वीरगञ्जमा मंगलबार हुने कार्यक्रममा सहभागी हुन उनी त्यहाँ पुगेका हुन्। सो क्रममा उनले विमानस्थलमै सञ्चारकर्मीहरूसँग कुराकानी पनि गरेका थिए। वर्तमान सरकार र रास्वपा सांसदहरूमाथि उनले विभिन्न आलोचनासहितका टिप्पणी सञ्चारकर्मीसँग गरेका थिए।

## जबर्जस्ती उठिबासविरुद्ध लहानमा भूमिहीन ............

**निर्णय व्यवस्थापनको, कार्यान्वयन उठिबासको**

संघीय सरकारको निर्णयअनुसार गत २४ बैशाखमा सिरहाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लाका सुरक्षा निकाय प्रमुख, पालिका प्रमुख तथा उपप्रमुखहरूको बैठक बसेको थियो। बैठकले जिल्लाका १७ वटै स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको लगत सात दिनभित्र तयार गर्न निर्देशन दिएको थियो। साथै, अतिक्रमण हटाउने योजनासहितको विवरण १५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने निर्णय गरिएको थियो।

बैठकले सरकारी तथा सार्वजनिक जग्गामा बसोबास गरिरहेका घरपरिवारमध्ये वास्तविक सुकुमवासी पहिचान गरी सुरक्षित आवास, स्वास्थ्य, खानपान, गोपनीयताको संरक्षण, औषधि उपचार, महिला तथा अपांगमैत्री आवास कक्ष र सुरक्षा व्यवस्थासहितको योजनाको तयारी सम्बन्धित पालिकाले गर्ने निर्णय पनि गरेको थियो।

तर, ती निर्णय कार्यान्वयन नगरी नवराजपुर गाउँपालिकाले अतिक्रमण हटाउने नाममा करिब ५० घरधुरी रहेको सुकुमवासी बस्तीमा डोजर चलाएर बिचल्ली बनाएको भूमिअधिकार मञ्चकी सदस्य सोनिया सदायले गुनासो गरिन्।


**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म


## एकीकरणपछिको जसपा नेपालमा विवाद, मधेशमा दलको ............

दाबी गरेपछि विवाद उत्पन्न भएको हो।

जसपा नेपाल र लोसपा नेपालबीच २०८२ पुस २७ गते एकीकरण भई पार्टीको नाम जसपा नेपालनै राख्ने सहमति भएको थियो। तर दुवै दलका नेताहरूले आफू आधिकारिक दलको नेता भएको भन्दै विवाद गरेपछि गत शुक्रबार मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिन पाएनन्।

शुक्रबार सदन सञ्चालन हुनुअघि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा जसपा नेपाल र लोसपा नेपाल दुवै दलको नेताले आफू दलीय नेता भएको दाबी गरेका थिए।

बैठकमा तत्कालीन जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव र तत्कालीन लोसपा नेपालका नेता जितेन्द्र सोनलले एकीकरणपछि बनेको जसपा नेपालको संसदीय दलको नेता आफू रहेको र आफ्नो कुर्सीबारे सभामुखलाई प्रश्न गर्दै ताकेता गरेपछि सदननै प्रभावित भएको थियो।

त्यसपछि जसपा नेपालको दलको नेता विवाद टुंगो नलागेकाले मुख्यमन्त्री यादवको विश्वासको मत लिने मिति यही शुक्रबारसम्मका सारिएको हो।

जसपा नेपालले यही बुधबार मधेश प्रदेशमा संसदीय दलको नेताको निर्वाचन गर्ने भएको छ। तत्कालीन जसपा नेपालका दलका नेता सरोजकुमार यादवले पनि यसको पुष्टि गरेका छन्।

अपन दैनिकसँग कुरा गर्दै उनले भने, 'जसपा नेपालको वैधानिक दलीय नेता मै हो, तर लोसपाका साथीले पनि दाबी गर्न थालेपछि उत्पन्न विवाद समाधानका लागि बुधबार दुवै दलको सहभागिताका बैठक बस्नेछ। सो बैठकबाट सर्वसम्मति भए ठीकै छ, नभए निर्वाचनबाट दलको नेता चयन गरिनेछ।'

स्रोतका अनुसार पूर्वमुख्यमन्त्रीहरू जसपा नेपालबाट सरोजकुमार यादव, पूर्वमुख्यमन्त्री लालबाबु राउत र लोसपा नेपालबाट जितेन्द्र सोनल संसदीय दलको नेताका लागि भिड्ने भएका छन्।

एकीकरणपछि जसपा नेपाल मधेश प्रदेशमा सबैभन्दा ठूलो दल बनेको छ। तत्कालीन जसपा नेपालका १८ जना र लोसपा नेपालको ८ जना गरी २६ जना सांसद पुगेका छन्।

दुई जना निलम्बनमा रहेका समेत गरेर जसपा नेपालको संख्या २८ सांसद पुग्छ। दोस्रोमा नेकपा एमाले २४ र तेस्रोमा नेपाली कांग्रेस २२ जना सांसद छन्।

चौथोमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) १४ र पाँचौंमा जनमत पार्टीका १२ जना सांसद छन्।



**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाइहरु सुपथ मूल्यमा पाइन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# विद्यालय शिक्षा क्षेत्र योजनाको समीक्षा बैठक सुरु



**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०४ गते**

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजना 'स्कुल एजुकेशन सेक्टर प्लान'(एसइएसपी) योजनाको समीक्षा बैठक प्रारम्भ गरेको छ। आगामी आर्थिक वर्षको बजेट निर्माणको प्रक्रिया चलिरहेको सन्दर्भमा मन्त्रालयले दातृ निकायहरूसँग सञ्चालित एसइएसपी कार्यक्रमको प्रगति तथा बजेट समीक्षा गर्दै आगामी दिनमा शिक्षा क्षेत्रमा लिनुपर्ने पहलकदमीहरूको बारेमा छलफल गरेको हो।

पाँच दिनसम्म चल्ने बजेट समीक्षा बैठकमा शिक्षा मन्त्रालय, मन्त्रालय अन्तर्गतका शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र लगायत विभिन्न निकाय तथा एसइएसपीमा सहयोग गर्ने विकास साझेदारहरूको सहभागिता रहेको छ।

मन्त्रालयका सचिव चूडामणि पौडेलको अध्यक्षता सुरु भएको पहिलो दिनको बैठकमा विकास साझेदारको संयोजक युरोपेली सङ्घ (इयू) को नेतृत्वमा आठ वटा संयुक्त साझेदार र अन्य विकास साझेदारहरू संयुक्त अधिराज्य बेलायत, इयू, फिनल्यान्ड, नर्वे, संयुक्त राष्ट्रसङ्घीय नियोग (युनिसेफ), एसियाली विकास बैंक, विश्व बैंक लगायतको उपस्थिति थियो।

उद्घाटन सत्रमा विभिन्न देशका राजदूत र एजेन्सी प्रमुखहरूले आ-आफ्नोतर्फबाट शिक्षा क्षेत्रमा रहेका कार्यक्रमबारे प्रकाश पारे। एइएसपीमा लगानी साझेदारी गर्ने विकास साझेदार निकायका प्रमुखहरूले सोमबार मन्त्री सस्मित पोखरेलसँग भेटवार्ता गरी दुईपक्षीय हितका साथै विभिन्न निकायहरूले नेपालको शिक्षा क्षेत्रमा पुऱ्याउँदै आएको सहयोगको विषयमा छलफल भएको थियो। सो भेटमा विकास साझेदार निकायले नेपालको शिक्षा क्षेत्रमा गरिरहेको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका थिए।

# राप्रपाकी सरिता ठाकुरले मधेश प्रदेशसभा सदस्य पदको शपथ लिइन्

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०४ गते**



राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मधेश प्रदेश सभा सदस्यमा निर्वाचित सरिताकुमारी ठाकुरले पद तथा गोपनीयताको शपथ ग्रहण गरेकी छन्।

निर्वाचन आयोगको गत वैशाख ३० गतेको निर्णयअनुसार समावेशी समूहअन्तर्गत मधेशी क्लष्टरको रिक्त रहेको प्रदेशसभा सदस्य पदमा महोत्तरीको गौशाला नगरपालिका-१२ निवासी ठाकुर निर्वाचित भएकी हुन्।

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५(१) बमोजिम निर्वाचित ठाकुरलाई रामअशिष यादवले सोमबार पद तथा गोपनीयताको शपथ गराएका हुन्।

जनकपुरधामस्थित प्रदेशसभा सचिवालयमा आयोजित कार्यक्रममा उनले संविधान तथा कानुनप्रति प्रतिबद्ध रहँदै जनताको सेवा र प्रदेशको समृद्धिका लागि जिम्मेवार ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

नवनिर्वाचित सदस्य ठाकुरले मधेश प्रदेशमा सुशासन प्रवर्द्धन, विकास निर्माण तथा नागरिकको हकहित संरक्षणका विषयलाई प्राथमिकतामा राखेर भूमिका निर्वाह गर्ने धारणा समेत व्यक्त गरेकी छन्।

# विद्यालयमा टिकाइराख्न विपन्न छात्रालाई नगरपालिकाको सहयोग

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०४ गते**




'मेरो मनमा कहिल्यै विद्यालय जान पाइन्छ भन्ने लागेको थिएन। गाउँमै म्याडमहरूले पढाउन थालेपछि पढ्ने रहर जाग्यो। अहिले विद्यालयमा नाम पनि लेखियो, आज झोला र पोशाक पनि पाएँ। अब म नियमित विद्यालय जान्छु', कर्जन्हा नगरपालिका-५ की अञ्जली सदायले खुशी सुनाइन्।

विद्यालय पोशाक र झोला पाएपछि कर्जन्हा नगरपालिकाका विपन्न तथा दलित परिवारका किशोरीहरू खुसी भएका छन्। अनौपचारिक किशोरी शिक्षामार्फत यसै शैक्षिक सत्रदेखि विद्यालय जान थालेका ५० जना छात्रालाई झोला र विद्यालय पोशाक वितरण गरिएको हो।

कर्जन्हा नगरपालिका-५ कै नगिना कुमारी सदायले आर्थिक अभावकै कारण विद्यालय जान नसकेको सुनाइन्। 'विद्यालयमा नाम त लेखियो, तर पोशाक र झोला नभएकाले मन खिन्न थियो। बुबाआमा किनिदिन सक्ने अवस्थामा हुनुहुन्न। आज पोशाक र झोला पाएपछि मलाई धेरै खुशी लागेको छ', उनले भनिन्।

विभा सदाय र कविता राठोर पहिले पनि विद्यालय जाने गरेका थिए। आर्थिक अभावका कारण उनीहरु विद्यालय छोड्न बाध्य भए। अहिले भने नगरपालिकाको सहयोगले पढाईप्रति उनीहरुलाई आशा जगाएको छ। अब नियमित विद्यालय जाने उनीहरूको प्रतिबद्धता छ। उनीहरूले पढाइबाट टाढा रहेका बालिकालाई विद्यालयसम्म ल्याउन गरिएको सहयोगले आफूहरूमा आत्मविश्वास बढेको बताए।

नगरपालिकाले विद्यालय जाने उमेरका तर विद्यालय बाहिर रहेका ८ देखि १६ वर्ष उमेर समूहका किशोरीलाई लक्षित गर्दै पछिल्लो ६ महिनादेखि गाउँमै ट्युसन कक्षा सञ्चालन गर्दै आएको थियो। नगरपालिका-३, ५ र १० नम्बर वडामा सञ्चालित चार वटा समूहमा ९० जना किशोरी अध्ययनरत रहेको नगर शिक्षा शाखाकी प्रतिनिधि रेनुका काफ्लेले जानकारी दिइन्।

उनका अनुसार ती सबै किशोरीलाई नजिकका विद्यालयमा कक्षा ३ देखि ८ सम्म भर्ना गरिदिएर नियमित विद्यालय पठाउन थालिएको छ। तर, विद्यालयले पोशाकसहित आउन आग्रह गरेपछि आर्थिक अभाव भएका परिवारका छात्रालाई समस्या परेको थियो।

ट्युसन कक्षाकी सहयोगी कार्यकर्ता अप्सरा धमलाले ९० जनामध्ये ४० जनाका अभिभावकले आफैं पोशाक र झोला व्यवस्थापन गर्न सके पनि बाँकी ५० जनाको अवस्था कमजोर रहेको बताइन्। 'हामीले नगरपालिकासँग सहयोग माग्यौं, त्यसपछि आज छात्राहरूलाई सामग्री वितरण गरिएको हो', उनले भनिन्।

कर्जन्हा नगरपालिकाको कृषि तथा पशु शाखाको भवनमा आयोजित कार्यक्रममा हेल्पिङ हर्ट नामक गैरसरकारी संस्थाले दलित तथा अति विपन्न परिवारका ५० जना छात्रालाई झोला र विद्यालय पोशाक वितरण गरेको हो।

कार्यक्रममा नगर प्रमुख भोला प्रसाद पोखरेल ले सहयोगी संस्थालाई धन्यवाद दिँदै आगामी दिनमा पनि विद्यालय नियमितताका लागि थप योजना ल्याइने बताए।

उपप्रमुख लक्ष्मी श्रेष्ठले बालिका शिक्षालाई प्राथमिकतामा राखेर नगरपालिका तथा व्यक्तिगत रूपमा आवश्यक सहयोग गर्न तयार रहेको बताइन्। विद्यालय बाहिर रहेका किशोरीलाई पुन: शिक्षामा जोड्ने अभियान सफल भएको उल्लेख गर्दै उनले अब उनीहरूलाई विद्यालयमै टिकाइराख्न विशेष योजना बनाइने जानकारी दिइन्।

हेल्पिङ हर्टका अध्यक्ष जियाउद्दिन खान ले छात्राहरूलाई नियमित विद्यालय जान आग्रह गर्दै संस्थाले आगामी दिनमा पनि आवश्यक शैक्षिक सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाए।

# बाराको कलैयामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले किन गरे प्रदर्शन ?

**अपन दैनिक संवाददाता**
**बारा, जेठ ०४ गते**



बाराको कलैयास्थित जिल्ला प्रहरी कार्यालय, बाराको मुख्य गेट अगाडि सडकमा सोमबार यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले प्रदर्शन गरे। उनीहरूले प्रदर्शन गरेको भिडिओ सामाजिक सञ्जालहरूमा भाइरल बनेको छ।

उनीहरू किन त्यसरी प्रदर्शनमा उत्रिए त ?

जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरका अनुसार कलैया उपमहानगरपालिका १४ घर भई वडा नं ६ मा बस्ने खुश्बु भन्ने अफजल मियाँ दर्जी विरूद्ध अभद्र व्यवहार मुद्दामा जाहेरी आएको थियो।

घटनाबारे अनुसन्धानका लागि जेठ ३ गते प्रहरीले खुश्बुलाई पक्राउ गरी न्यायिक हिरासतमा राखेको थियो। उनी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका थिए। खुश्बुलाई रिहा गर्न माग गर्दै सोमबार बिहान १०:२५ बजेतिर उनीहरू प्रदर्शनमा उत्रिएका थिए।

सडक आवागमन अवरूद्ध हुनेगरी हो-हल्ला र प्रदर्शन गरेपछि प्रहरीले लाठिचार्ज समेत गरेको थियो।

शान्ति सुरक्षाको लागि प्रहरी बरिष्ठ नायव निरीक्षक विनोद राना मगरको नेतृत्वमा प्रहरी टोली खटाएको थियो।

प्रहरीले हो-हल्ला नगर्नु, सडकमा अवरोध नगर्नु सम्झाई बुझाइ गर्दा उल्टै आवेशमा आएर प्रहरी टोलीमाथि लज्जित हुने अपशब्द, गालीगलौज गर्नुको साथै सार्वजनिक स्थानमा नम्नता प्रदर्शन गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

शान्ति सुरक्षामा अवरोध गरेको, प्रहरी माथि नै हातपात अभद्र व्यवहार गर्न खोजेको आरोपमा प्रहरीले थप तीन जनालाई पक्राउ गरेको छ।

रौतहट देवाही गोनाही गा.पा.वडा नं. ०५ बस्ने दिव्या रानी (२६), बारा जीतपुर सिमरा उपमहानगरपालिका वडा नं ८ बस्ने निशा भारती (२५) र निशा देवी -(५७) लाई पक्राउ गरिएको प्रहरी उपरीक्षक नरेन्द्रले बताए।

## मधेश प्रदेशमा पहिलो पटक .............

प्रतियोगितामार्फत प्रदेशमा खेलकुद गतिविधिलाई थप सशक्त बनाउने, युवाहरुलाई खेलतर्फ आकर्षित गर्ने तथा अनुशासित, स्वास्थ्य र प्रतिस्पर्धी समाज निर्माणमा टेवा पुग्ने खेललाई व्यवसायीकरण गर्दै खेलकुद, खेलाडी र मधेश प्रदेशको विकासमा टेवा पुग्ने विश्वासका साथ यस प्रतियोगिता आयोजना गरिएको सदस्य सचिव कानुले बताए।

देशभरमै खेलकुदका लागि सबैभन्दा बढी बजेट बागमती प्रदेशले ल्याउने गरेकामा हालसम्म बागमती प्रदेशले १५ वटा खेलको प्रतियोगिता मात्र आयोजना गर्न सकेकोमा मधेश प्रदेशले एकै पटक १९ वटा खेलको प्रतियोगिता आयोजना गरेर सबैलाई पछाडि पारेको सदस्य सचिव कानुले जानकारी दिए।

प्रतियोगितामा १९ वटा खेलको ८ वटै जिल्लाबाट जम्मा २४७२ जना सहभागी रहेका छन्। जसमध्ये प्रत्येक जिल्लाबाट पुरुष खेलाडी १६७ जना, महिला खेलाडी १०८ जना, प्रशिक्षक १८ जना र व्यवस्थापक १० जना रहेका छन्।

प्रतियोगितामा प्रत्येक खेलमा प्रथम हुनेले रु २५०००, दोस्रो हुनेले रु १५००० र तेस्रो हुनेले रु १०००० रकमसहित मेडल र ट्रफी पाउने आयोजक मधेश खेलकुद परिषद, जनकपुरले जानकारी दिएको छ। उक्त प्रतियोगिताका निम्ति मधेश प्रदेश सरकारले बजेटमै २ करोड ५५ लाख रकम छुट्ट्याएको थियो।

## १० वर्ष पहिले खुला दिसामुक्त घोषणा ............

आधुनिक सामुदायिक शौचालय निर्माण कार्यलाई तीव्रता दिएको छ। हालसम्म विभिन्न सुकुमवासी बस्तीमा ६ वटा सुविधा सम्पन्न सामुदायिक शौचालय निर्माण भई सञ्चालनमा आइसकेको र अन्य क्षेत्रमा विस्तार हुँदै जाने उनले बताए।

लहानलाई शतप्रतिशत शौचालययुक्त नगर बनाउने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, 'जग्गा नभएर शौचालय बनाउन नसकेका विपन्न मुसहर परिवारका लागि ६ वटा आधुनिक सामुदायिक शौचालय बनाइसकेका छौं र अन्य ठाउँमा बनाउने क्रम जारी छ। लहानलाई खुला दिसामुक्त बनाउने यो अभियानलाई सम्पूर्ण नगरवासीले साझा अभियानका रूपमा सहयोग गर्न अपिल गर्छु।'

अभियानलाई प्रभावकारी बनाउन नगरमा एउटा, २४ वटै वडा र ८१ वटा टोलस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरी काम सुरु गरिएको छ। यी समितिमा स्थानीय युवा र क्लबलाई सक्रिय बनाउँदै घरायसी सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन र पानीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदैछ। अहिलेसम्म ३ सय ४६ घरधुरीमा शौचालय निर्माण भएको छ।

खानेपानी र सरसफाइ क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले टोलस्तरमै समिति गठन गरेर युवालाई जिम्मेवारी दिइएको र यसले सरसफाइ बानी व्यवहारमा सुधार ल्याउने विश्वास व्यक्त गरेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं।
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं।
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं।
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं।
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं।
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं।
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

**हिमाल हाम्रो पहिचान र गौरवको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**